प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# बाँदर व्यवस्थापन विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

प्रस्तावना: कृषिमा व्यवसायीकरण भईरहेको बेला बाँदरको संख्यामा अत्यधिक वृद्धि भई हाल आएर जंगली रातो बाँदर प्रजातिबाट विभिन्न स्थानमा अन्नबाली, फलफूल, तरकारी नष्ट हुन थालेकोले कृषकहरु चिन्तित भएका कारण बाँदर व्यवस्थापनलाई सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा सञ्चालन गर्न प्रदेश सरकार, प्रदेश नम्बर तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "**बाँदर व्यवस्थापन विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६**" बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "**बाँदर व्यवस्थापन विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६**" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) "**आवेदक वा प्रस्तावक**" भन्नाले बाँदर व्यवस्थापन गर्ने उद्देश्यले अनुदान रकम माग गर्न निर्देशनालयमा प्रस्ताव पेश गर्न ईच्छुक दश जनाको समूह वा क्लब, मन्दीर, गुम्बा सञ्चालन गर्ने निकाय सम्झनु पर्छ ।

(ख) "**कार्यक्रम**" भन्नाले बाँदर व्यवस्थापन विशेष कार्यक्रम सम्बन्धी स्वीकृत वार्षिक कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(ग) "**कार्यालय**" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(घ) "**निर्देशनालय**" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(ङ) "**प्रदेश**" भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(च) "**बाँदर व्यवस्थापन**" भन्नाले विभिन्न स्थानमा अन्नबाली, फलफूल, तरकारी आदि नष्ट गर्ने बाँदरहरुको व्यवस्थापन सम्झनु पर्छ ।

(छ) "**मन्त्रालय**" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ज) "**मूल्याङ्कन समिति**" भन्नाले दफा ४ अनुसार गठित समिति सम्झनु पर्छ।

(झ) "**समूह**" भन्नाले बाँदर व्यवस्थापन गर्ने स्थानीय तहमा गठित दश जनाको समूह वा क्लब, मन्दीर, गुम्बा सञ्चालन गर्ने निकाय सम्झनु पर्छ ।

३. उद्देश्य: बाँदर व्यवस्थापन विशेष कार्यक्रम सञ्चालनको उद्देश्य देहाय बमोजिम रहेको छ:-

(क) बाँदरबाट तरकारी, फलफूल र अन्नबालीमा हुने हानी नोक्सानीलाई न्यूनिकरण गर्न,

(ख) बाँदर नियन्त्रण गरी कृषि उत्पादनमा वृद्धि गर्ने,

(ग) युवाहरुलाई बाँदर व्यवस्थापन तालिम तथा रोजगारीको अवस्था सृजना गर्ने,

(घ) बाँदर नियन्त्रण गरी कृषकलाई कृषि पेशामा लाग्न प्रोत्साहन गर्ने ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## परिच्छेद -२

## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतका लागि निर्देशनालयमा पेश गर्न तपसिल बमोजिमको मूल्याङ्कन समिति रहने छः-

| | |
|---|---|
| निर्देशक वा निजले तोकेको बरिष्ठतम् अधिकृत, निर्देशनालय | संयोजक |
| अधिकृत प्रतिनिधी, पशुपन्छी विकास महाशाखा, मन्त्रालय | सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय | सदस्य |
| पशु चिकित्सक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| प्रमुख, खरिद ईकाई, निर्देशनालय | सदस्य सचिव |

**नोटः** समितिले आवश्यक ठानेमा बढिमा २ जना विषय विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

५. **अनुगमन तथा मूल्याङ्कनः** यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र कार्यालयले आवश्यकता अनुसार गर्न सक्नेछन् ।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन प्रकृया

६. **कार्यक्रम सञ्चालनः** (१) यो कार्यक्रम पहिलो चरणमा काठमाण्डौं, सिन्धुपाल्चोक र चितवन जिल्लामा सञ्चालन गरिनेछ भने अरु जिल्लामा क्रमशः सञ्चालन गरिनेछ ।

७. **प्रस्ताव आह्वानः** (१) निर्देशनालयले यस अनुदान कार्यक्रममा सहभागी हुन ईच्छुक समूहलाई लक्षित गरी प्रस्ताव पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा ३० दिनको म्याद राखी अनुसूची -१ बमोजिम सूचना प्रकाशन गर्नेछ । माग अनुसारको प्रस्ताव नपरेमा निर्देशनालयले पूनः प्रस्ताव आह्वान गर्न सक्नेछ ।

(२) कम्तीमा दश जना सदस्य भएको समूहबाट पाँच हेक्टर क्षेत्रफलको बालीमा बाँदरबाट हुने क्षती न्यूनिकरण हुने गरी कार्ययोजना पेश गर्नु पर्नेछ ।

(३) सार्वजनीक स्थल, मन्दीर, स्कुल, गुम्बा लगायतका क्षेत्रहरुमा बाँदर नियन्त्रण गर्न त्यस सम्बन्धित क्लब, समिति, पुजारी आदिले निवेदन पेश गर्न सक्ने छन् ।

८. **प्रस्ताव दर्ताः** बाँदर नियन्त्रण गर्न ईच्छुक समूहले दफा ७ को उपदफा (१) बमोजिमको समय अवधि भित्र अनुसूची-२ बमोजिम आवेदन साथ अनुसूची-३ बमोजिम कार्ययोजना संलग्न गरी निर्देशनालय वा निर्देशनालयले तोकेको कार्यालयमा प्रस्ताव दर्ता गर्नु पर्नेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

९. **प्रस्तावक समूहको छनौटः** समूहको छनौट प्रक्रिया देहाय वमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले अनुसूची -४ बमोजिम मापदण्डका आधारमा समूह र सम्बन्धित समूहको प्रस्तावित कार्ययोजना छनौट गरी स्वीकृतका लागि निर्देशनालयमा पेश गर्नु पर्नेछ,

(ख) प्रस्ताव आह्वानको म्याद सकिएको मितिले बढिमा ३५ दिन भित्र प्रस्तावहरु स्वीकृत हुनु पर्नेछ,

(ग) आवेदक संस्थाको प्रस्ताव छनौट बारे उजुरी गर्न ७ दिनको समय तोकिने छ ।

१०. **प्रस्तावकलाई जानकारीः** छनौट भएको समूहलाई निर्देशनालयले निर्णय भएको मितिले ७ दिनभित्र जानकारी गराउनु पर्नेछ ।

११. **सम्झौताः** (१) प्रस्ताव स्वीकृत भएका समूहहरुले जानकारी प्राप्त गरेको १५ दिनभित्र अनुसूची -५ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआएमा निकटतम वैकल्पिकसँग सम्झौता गर्न सकिने छ ।

## परिच्छेद -४
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

१२. यस कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको कृयाकलापहरु हुनेछः

| क्र. सं. | क्रियाकलापहरु |
|---|---|
| १ | बाँदर व्यवस्थापनका लागि आवश्यक मेशिनरी तथा लजिस्टिक सामाग्री खरिद |
| २ | बाँदर व्यवस्थापनमा सरोकारवालालाई तालिम |
| ३ | निकुञ्ज/ चिडियाखाना/ वन उपभोक्ता समूहसंग र अन्य सरोकारवालाहरुसंग समन्वय गर्न गोष्ठी |

१३. समूहले सम्झौता अनुरुप क्रियाकलाप सञ्चालन गर्दा भए/ गरेका खर्चको भुक्तानी पाउन आवश्यक विल/ भर्पाई र कागजात संलग्न राखी निर्देशनालयमा निवेदन पेश गर्नु पर्नेछ ।

१४. यस कार्यक्रमको लेखा, लेखांकन, लेखा परिक्षण तथा आर्थिक कारोवार सम्वन्धी अन्य व्यवस्था प्रचलित ऐन/ नियम अनुसार हुनेछ ।

## परिच्छेद -५
## विविध

१५. **प्रगति पठाउनेः** (१) बाँदर व्यवस्थापन विशेष कार्यक्रम गर्ने समूहले कार्य सम्पन्न नभएसम्म चौमासिक रुपमा प्रगति प्रतिवेदन सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा संग्रहित गरी कार्यालयले निर्देशनालयमा पठाउनु पर्नेछ ।

१६. <u>संशोधन र खारेजः</u> यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे मन्त्रालयले आवश्यकता अनुसार संशोधन र खारेज गर्न सक्नेछ ।

१७. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्यमा प्रचलीत कानून बमोजिम हुनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -१

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**बाँदर व्यवस्थापन विशेष कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मितिः ... ... ...

आर्थिक वर्ष ... ... ... को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार बाँदर व्यवस्थापन विशेष कार्यक्रम रहेकोले उक्त कार्यक्रममा सहभागी हुन इच्छुक समूहबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले तीस दिनभित्र तोकिए अनुसारको आवेदन र प्रस्तावित कार्ययोजना सहित निर्देशनालय वा निर्देशनालयले तोकेको कार्यालयमा दरखास्त दिनु हुन सूचित गरिन्छ । आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न साथै थप जानकारीको लागि मन्त्रालय, निर्देशनालय वा कार्यालयमा सम्पर्क गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिलः

१. रु. १० को टिकट टाँसेको आवेदन पत्र,
२. सहभागी सवैको नेपाली नागरिकताको प्रतिलिपि,
३. बाँदर व्यवस्थापन गर्ने उद्देश्यले प्रस्ताव गरिएको प्रस्तावित कार्ययोजना,
४. बाँदर व्यवस्थापन पक्षमा निरन्तर कृयाशिल रहने प्रतिवद्धता पत्र,
५. कृयाकलापमा सहभागी हुनेहरुको तालिम, अनुभव तथा शैक्षिक योग्यता,
६. संस्था दर्ता प्रमाण पत्र,
७. बाँदर प्रभावित क्षेत्रको फोटो ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -२
(दफा ८ सँग सम्बन्धित)
<u>आवेदन-पत्र</u>

मितिः ... ... ... ... ...

श्री पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
प्रदेश नं. ३, हेटौंडा ।

मार्फत,
श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,
... ... ... ... ... ... ।

**विषय :** <u>अनुदान सहयोग उपलब्ध गराई दिने बारे ।</u>

महोदय,

प्रस्तुत विषयमा मिति ... ... ... ... ... गते ... ... ... ... पत्रिकामा प्रकाशित सूचना अनुसार दरखास्त माग भए बमोजिम बाँदर व्यवस्थापन विशेष कार्यक्रममा सहभागी हुने चाहना भएकोले निम्नानुसार कागजात राखी संयुक्त निवेदन पेश गरिन्छ । अनुदान सहयोग प्राप्त भएमा शर्त अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्ने प्रतिवद्धता समेत जाहेर गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

तपसिलः

१. रु. १० को टिकट टाँसेको आवेदनपत्र,
२. सहभागी सवैको नेपाली नागरिकताको प्रतिलिपि,
३. बाँदर व्यवस्थापन गर्ने उद्देश्यले प्रस्ताव गरिएको प्रस्तावित कार्ययोजना,
४. बाँदर व्यवस्थापन पक्षमा निरन्तर कृयाशिल रहने प्रतिवद्धता पत्र,
५. कृयाकलापमा सहभागी हुनेहरुको तालिम, अनुभव तथा शैक्षिक योग्यता,
६. संस्था दर्ता प्रमाण पत्र,
७. बाँदर प्रभावित क्षेत्रको फोटो ।

<u>निवेदक</u>
दस्तखतः
मितिः
नामः
पदः
समूहको छापः

मा. दावा दोर्जे लामा
मन्त्री

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# अनुसूची -३

(दफा ८ सँग सम्बन्धित)

## समूहले पेश गर्नु पर्ने कार्ययोजना विवरण

कार्यक्रमको नामः

समूहको नामः

ठेगानाः

मितिः

(रकम रु. हजारमा)

| क्र.सं. | कृयाकलाप | जम्मा लगानी |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| | जम्मा | |

निवेदक

दस्तखतः

मितिः

नामः

पदः

समूहको छापः

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -४

(दफा ९ को खण्ड (क) सँग सम्बन्धित)

**बाँदर व्यवस्थापन विशेष कार्यक्रमका लागि समूह छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरु**

१. जिल्लाः

२. आवेदक संस्थाको नामः

३. बाँदर प्रभावित क्षेत्रको ठेगानाः

४. प्रस्तावित कार्ययोजनाको नामः

५. मूल्याङ्कनका आधारहरुः

| क्र.सं. | विवरण | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | बाँदरबाट हुने गरेको क्षति उत्पादनको आधारमा | २५ | | |
| १.१ | उत्पादनको ८० प्रतिशत भन्दा बढी क्षति पुऱ्याउने गरेको | २५ | | |
| १.२ | ५० प्रतिशतदेखि ८० प्रतिशतसम्म क्षति पुऱ्याउने गरेको | २० | | |
| १.३ | ५० प्रतिशत भन्दा कम क्षति पुऱ्याउने गरेको | १८ | | |
| २ | बाँदरबाट हुने गरेको क्षति क्षेत्रफलको आधारमा | १० | | |
| २.१ | १० हेक्टर भन्दा बढी | १० | | |
| २.२ | ५ हेक्टरदेखि १० हेक्टरसम्म | ७ | | |
| ३ | बाँदर व्यवस्थापन गर्ने सम्बन्धी समूहको निर्णय प्रतिलिपी संलग्न गरिएमा | २० | | |
| ४ | बाँदर व्यवस्थापन गर्ने जनशक्तीको सूनिश्चितता | १० | | |
| ५ | बाँदरको आरक्षण निकाय (चिडियाखाना/ राष्ट्रिय निकुञ्ज/ सामूदायीक वन आदी) ले समूहसँग बाँदर व्यवस्थापन गर्न प्रतिवद्धता जाहेर गरेको पत्रको प्रतिलिपी संलग्न गरिएमा | २० | | |
| ६ | संलग्न कार्ययोजनाको स्तर | १५ | | |
| | उत्तम | १५ | | |
| | मध्यम | १२ | | |
| | सामान्य | १० | | |
| | जम्मा | १०० | | |

नोटः मूल्याङ्कनको क्रममा न्यूनतम ५० भन्दा बढी अङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गर्नु पर्नेछ । वार्षिक कार्यक्रम र बजेट भन्दा बढी छनौट भएमा बढी अङ्क प्राप्त गर्नेलाई सिफारिस गर्नु पर्नेछ । साथै समान अङ्क प्राप्त गरेमा लागत सहभागिता रकम बढी प्रस्ताव गरेकोलाई प्राथमिकता दिइने छ ।

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -५

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

सम्झौता-पत्र

आर्थिक वर्ष ... ... ... मा सञ्चालन हुने बाँदर व्यवस्थापन विशेष कार्यक्रमका लागि पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश नं. ३, ... ... ... (यसभन्दा पछाडी प्रथम पक्ष भनिने) र छनौट भएको ... ... ... ... ... समूह, ... ... ... (यसभन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्न द्वि-पक्षिय सम्झौता भएको छ ।

शर्तनामाहरु:

१. प्रथम पक्षले दोश्रो पक्षलाई बाँदर व्यवस्थापन विशेष कार्यक्रम सञ्चालनका लागि बढिमा दुई किस्तामा अनुदान रकम बैंक खातामा जम्मा गरी उपलब्ध गराउने छ । अनुदान रकम प्राप्त गर्न दोश्रो पक्षले अनिवार्य रुपमा विल/भर्पाई पेश गर्नु पर्नेछ ।
२. दोश्रो पक्षबाट अनुदान रकमको दुरुपयोग भएको पाईएमा प्रथम पक्षले साँवा र सोको असुल उपरको लागि प्रचलित कानुन बमोजिम आवश्यक कारबाही गर्नेछ ।
३. तोकिएको प्राविधिक विषय वस्तुलाई दोश्रो पक्षले अनिर्वाय रुपमा पालना गर्नु पर्नेछ ।
४. प्रथम पक्षले नियमित रुपमा दोश्रो पक्षको अनुगमन/ निरिक्षण गर्नेछ ।
५. दोश्रो पक्षले प्रथम पक्षलाई चौमासिक रुपमा प्रगति विवरण बुझाउनु पर्नेछ ।
६. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं हुनेछ ।
७. यस सम्झौतामा उल्लेख हुन छुटेका व्यहोरा प्रचलित ऐन/ नियम बमोजिम हुनेछ ।

| प्रथम पक्षको तर्फबाट: | दोश्रो पक्षको तर्फबाट: |
|---|---|
| दस्तखत: | दस्तखत: |
| मिति: | मिति: |
| नाम: | नाम: |
| पद: | पद: |
| निर्देशनालयको छाप: | समूहको छाप: |

रहोवर:

| | |
|---|---|
| दस्तखत: | दस्तखत: |
| मिति: | मिति: |
| नाम: | नाम: |
| पद: | पद: |
| निर्देशनालयको छाप: | समूहको छाप: |

मा. दावा दोर्जे लामा
मन्त्री